# फिदिम नगरपालिका

# फेदेन-पत्र

खण्ड: २ संख्या: ४ मिति: २०७५/०९/२८

**भाग-२**

**फिदिम नगरपालिका**

**१ नं. प्रदेश, नेपाल**

## फिदिम नगरपालिकाको जस्ता पाता वितरण सम्बन्धी कार्यविधि २०७५

मुल्य: रु ५

आज्ञाले,

**घनश्याम उपाध्याय**

फिदिम नगरपालिका

## प्रमुख प्रशासकीय अधिकृत

### १. पृष्ठभूमी :-

फिदिम नगरपालिका भौगोलिक हिसाबले १९२.५० वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको र क्षेत्रफलको हिसाबले ठुलै नगरपालिकाको रुपमा रहेको तथा यसमा भौगोलिक विविधताको कारणले गर्दा हरियाली र ओसिलो क्षेत्रका अलावा सुख्खा क्षेत्र पनि भएको तथा उक्त सुख्खा क्षेत्रहरुमा खर, परालका घरहरु भएको हुनाले त्यस्ता घर परालले छाएका घरहरुलाई हरियाली जस्तायुक्त घरमा रुपान्तरण गर्ने नीति फिदिम नगरपालिकाले आ.व. ०७५/०७६ को नीति तथा कार्यक्रममा लिएको र त्यसलाई पुर्णरुप दिनको लागि बजेटको समेत व्यवस्था गरेकोले उक्त बजेटबाट जस्ता पाता प्रदान गर्नको लागि यो कार्यविधि निर्माण गरिएको छ ।

### २. उद्धेश्य :-

खर, परालले छाएका घरहरुलाई, हरियाली युक्त जस्ताको छानामा रुपान्तरण गरी, आगलागीबाट हुने क्षति  नियन्त्रण गर्ने ।

**<u>प्रकृया</u>**

१. खर र परालले छाएका र जस्तामा रुपान्तरण गर्न चाहने व्यक्तिहरुबाट सम्बन्धीत वडा कार्यालय मार्फत दरखास्त माग गर्ने ।
२. दरखास्त माग गर्नको लागि विभिन्न सञ्चार माध्यमहरु मार्फत १५ दिनको सुचना जारी गर्ने ।
३. १५ दिनको अवधीमा प्राप्त सम्पुर्ण निवेदनहरु वडाहरुले नगरपालिकामा पठाउने ।
४. प्राप्त निवेदन मार्फत प्राथमिकता निर्धारण गरी यो आ.व.को लागि छुट्टयाइएको बजेटलाई मध्यनजर गर्दै दलित, विपन्न गरिविका रेखामुनी परेको दलित, असाहय र एकल महिलाहरुलाई पहिलो प्राथमिकता दिने ।
५. बजेटको सिमालाई मध्यनजर गरी पहिलो प्राथमिकतामा परेका व्यक्तिहरुलाई जस्ता पाता उपलब्ध गराउने संख्या निर्धारण गर्ने ।

फिदिम नगरपालिका

६. संख्या र व्यक्ति निर्धारण भैसेकेका व्यक्तिहरुको लागि जम्मा लाग्ने जस्ता पाताको स्टिमेट प्राविधिकबाट गराउने ।

७. यसरी इस्टिमेट प्राप्त भएपछी निश्चित प्रतिशत तोकि, जस्ता पाता उपलब्ध गराउने वा निजको कार्य सम्पन्न भैसकेपछि तोकिएको प्रतिशतमा अनुदान रकम भुक्तानी दिने ।

**३. जस्ता पाता सुविधको लागि चाहिने योग्यता :-**

१. जस्ता पाताको सुविधा : फिदिम नगरपालिका तथा तोकिएको वडामा मात्र उपलब्ध गराइने ।

२. जस्ता पाताको सुविधा लिनको लागि घरको अभिलेखिकरण गर्नुपर्नेछ ।

३. जस्ता पाता लिनको लागि जग्गाधनी प्रमाण पुर्जा भएको जग्गामा निर्माण गरेकोलाई मात्र यो सुविधा उपलब्ध गराईने, सार्वजनिक प्रति जग्गामा निर्माण गरेकोलाई उपलब्ध नगराईने ।

४. अन्य कुराहरु नगरपालिकाले तोके बमोजिम हुनेछ ।

५. निवेदन साथ खरको छानो भएको घरको फोटो,मालपोत, एकिकृत सम्पत्ति कर तिरेको रसिद,जग्गा धनि पुर्जाको प्रतिलिती संलग्न गर्नुपर्ने ।

६. काम सम्पन्न भएपछि विलको आधारमा भुक्तानी गरिनेछ ।

७. अनुदानको प्रतिशत कति हुने सम्बन्धमा कार्यपालिकाको बैठकले तोके बमोजिमको हुनेछ ।

८. आफ्नो एकाघरको परिवारको सदस्य कुनै व्यापार, व्यवसाय, बैदेशीक रोजगारीमा नभएको तथा भरपर्दो आम्दानीको स्रोत नभएकोलाई प्राथमिकता दिइनेछ ।

फिदिम नगरपालिका